बरेङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुग्दिशिर, बागलुङ
गण्डकी प्रदेश, नेपाल
२०७३


पत्र संख्या : २०७८/७९

चलानी नं.: ८२

मिति : २०७८/०४/२९

श्री वडा कार्यालय सबै,

बरेङ गाउँपालिका,

बागलुङ ।

**विषय :** जीर्ण काठेपोल प्रतिस्थापन कार्यक्रमका लागि विवरण उपलब्ध गराइदिने सम्वन्धमा ।

प्रस्तुत विषयमा उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय, गण्डकी प्रदेश, पोखराको प.सं. २०७८/७९, च.नं. ४८, मिति २०७८/०४/२७ को पत्रको छायाप्रती पाना १ (एक) यसै पत्रसाथ संलग्न गरी पठाइएको छ । व्यहोरा पत्रवाट अवगत गर्नु भै पत्रवाट माग भए अनुसारको विवरण पत्रमा उल्लेखित ढाँचामा भरि यथाशिघ्र उपलब्ध गराइदिनुहुन अनुरोध छ ।

जित बहादुर रानाा

प्रमुख प्रशासकीय अधिकृत

प्रदेश सरकार

# उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय

गण्डकी प्रदेश, पोखरा, नेपाल

प.सं.:२०७८/७९ मिति: २०७८/०४/२७

च.नं. ४८

**बिषय : जीर्ण काठेपोल प्रतिस्थापन कार्यक्रमका लागि विवरण उपलब्ध गराइदिने सम्बन्धमा ।**

श्री गोरखा, लम्जुङ्ग, तनहुँ, स्याङ्जा, कास्की, पर्वत, बागलुङ्ग, नवलपुर, मुस्ताङ्ग, मनाङ्ग र म्याग्दी जिल्लाका सम्बन्धित स्थानीय तहहरु सबै, गण्डकी प्रदेश।

१) स्थानीय तहसँगको सहकार्यमा विद्युत लाइनका जीर्ण काठेपोलहरुलाइ आगामी आ.व. भित्र स्टिल ट्युबुलर पोलद्वारा प्रतिस्थापन गर्ने गण्डकी प्रदेश सरकारको घोषित नीति रहे अनुसार प्रदेश सरकारको "काठेपोल प्रतिस्थापन सम्बन्धी कार्यविधि, २०७५" अनुरुप कार्य हुने गरी प्रदेश सरकारबाट चालु आ.व. २०७८/७९ को लागि बजेट विनियोजन भएको छ। त्यहाँ स्थानीय तहभित्र यस आ.ब. २०७८/७९ मा प्रदेश सरकारसँग सहकार्यमा जीर्ण काठेपोल विस्थापित गर्ने कार्यमा सहभागी हुन इच्छुक स्थानीय तहहरुले स्टिल पोल खरिद गरी पालिका केन्द्रसम्म ढुवानी गर्ने कार्य प्रदेश सरकारबाट गरिने र पालिका केन्द्रबाट सम्बन्धित टाउँसम्म ढुवानी गरी पोल फेर्ने र तार सार्ने आदि काम सम्वन्धित स्थानीय तहले आफै वा विद्युत वितरण केन्द्र वा सामुदायिक विद्युत उपभोक्ता संस्था मार्फत कार्य गर्ने, गराउने गरी उक्त कार्यको लागि त्यहाँ स्थानीय तहमा रकम भए/नभएको समेत खुलाई सहभागिता जनाउन पोल माग संख्या, वडा नं. टोल र रकम उल्लेख गरी तपसिल बमोजिमको ढाँचामा यहि भदौ १० गते भित्र ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय, पोखरा वा मन्त्रालयको ईमेल ठेगाना (moewrws.gandaki@gmail.com) मा पठाउनुहुन निर्देशानुसार अनुरोध छ।

२) निम्न ढाँचामा जम्मा फेर्नुपर्ने काठेपोलहरुको संख्या उल्लेख गर्दा नेपाल विद्युत प्राधिकरण वा सामुदायिक विद्युत उपभोक्ता संस्था वा लघु जलविद्युत आयोजनाको कार्यक्षेत्र भित्र पर्ने स्पष्ट रुपमा उल्लेख गर्नुहुन।

| क.सं. | जिल्ला | स्थानीय तहको नाम | वडा नं./वस्ती | प्रतिस्थापन गर्नुपर्ने काठेपोलको संख्या | विद्युत वितरण कार्यको जिम्मेवार निकाय | | | स्थानीयतहबाट रकम विनियोजन भएको भए सो रकम रु. |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | ने.वि.प्रा. | सामुदायिक विद्युत उपभोक्ता संस्था | लघु जलविद्युत उपभोक्ता संस्था | |
| | | | | | | | | |

सि.डि.ई.

हरिदत्त पौडेल

सि.डि.ई.